नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## तानसेन, पाल्पा
(मुद्दा शाखा)

☎ 075-520123
520124
520125
फ्याक्स 075-520169

Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

प.स. ०८३/०८४
च.न.

मिति :- २०८३।०६।०७

### सतर्कताको लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ साल असोज ६ गते मंगलबार जारी गरिएको विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्विनी प्रदेशको केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक- दुइ स्थानमा अति भारी वर्षा हुने सम्भावना रहेको छ । यसर्थ यस जिल्लामा पनि भारी देखि अति भारी वर्षाको कारण बाढी, पहिरो तथा नदीको तटीय क्षेत्रमा डुवानको जोखिम हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारीका लागि निम्न कार्यहरु गर्न/गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

- अत्यधिक वर्षा भइरहेको अवस्थामा जोखिमयुक्त सडकमा सकेसम्म यात्रा नगर्ने । यात्रा गर्नैपर्ने अवस्थामा स्थानीय प्रशासन संग सम्पर्क गरी तथा यातायात सम्बन्धी सूचना बुझेर मात्र यात्रा गर्ने ।
- सडकमा पहिरो, ढुङ्गा खस्ने, सडक भासिने वा खोल्सा खोल्सीमा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर बाटो पार नगर्ने । सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गराउने ।
- सबै स्थानीय तह र सम्बन्धित सडक कार्यालयले जोखिमयुक्त राजमार्ग तथा सडकहरुमा डोजर, एक्साभेटर, लगायत आवश्यक उपकरण तथा साधनहरु जनशक्ति सहित तयारी अवस्थामा राख्ने ।
- नदी तथा खोलाको किनारमा पानीको सतह तीव्र रुपमा बढ्दै गएको, पानी धमिलो भएको, ढुङ्गा वा रुख बगाउँदै आएको देखिएमा वा असामान्य आवाज आएको सुनिएमा तुरुन्तै अग्लो र सुरक्षित स्थानतर्फ जाने । खाद्यान्न, औषधी, महत्वपूर्ण कागजपत्र तथा अन्य आवश्यक सामाग्री सुरक्षित स्थानमा राख्ने ।
- जोखिम क्षेत्रमा रहेका गर्भवती, सुत्केरी, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिको पहिचान गरी विपद्‌को अवस्थामा उनीहरुको सुरक्षित स्थानान्तरण र सहयोगका लागि योजना बनाउने ।
- नेपाल मौसम विज्ञान तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनी सम्बन्धी जानकारी नियमित रुपमा लिइरहनुहुन समेत अनुरोध छ ।
- अत्यावश्यक अवस्थामा सम्पर्क गर्न :- वर्षा तथा वाढीसम्बन्धी जाकारीको लागीः- ११५५,
  जिल्ला आपतकालिन कार्य संचालन केन्द्र :- १२३४, नेपाल प्रहरी :- १००, सशस्त्र प्रहरी बल नेपाल :- १११४

.......................

राजेश पन्थी
सहायक प्रमुख जिल्ला अधिकारी